# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

### प्रदेश निजामती सेवा अन्तर्गत अधिकृतस्तर एघारौं तहका (प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने बढुवाको सूचना ।

सूचना नं.-७९/०८३-८४ प्रकाशन मितिः २०८३/०६/३०

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (७) बमोजिम तपसिल बमोजिमका पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/०८/०३ गते सम्म दरखास्त दिनुहुन सूचना गरिन्छ ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/०८३-८४ | प्रमुख मेडिकल सुपरिटेन्डेन्ट | एघारौं | प्रदेश स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| २ | २/०८३-८४ | प्रमुख स्वास्थ्य शिक्षा प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| ३ | ३/०८३-८४ | प्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब टेक्नोलोजी | १ |
| ४ | ४/०८३-८४ | प्रमुख कन्सल्टेन्ट साईक्याट्रिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/साईक्याट्रि | १ |
| ५ | ५/०८३-८४ | प्रमुख अस्पताल नर्सिङ प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | १ |
| ६ | ६/०८३-८४ | प्रमुख कन्सल्टेन्ट रेडियोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/रेडियोलोजी | १ |
| ७ | ७/०८३-८४ | प्रमुख कन्सल्टेन्ट डेन्टल सर्जन | एघारौं | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| ८ | ८/०८३-८४ | प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन | एघारौं | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | १ |
| ९ | ९/०८३-८४ | महानिर्देशक | एघारौं | प्रदेश वन | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:** | रु. १५००/- (एक हजार पाँच सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थान:** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ । |
| **कार्यालय कोड:** | २१०००४८०१५ |
| **राजस्व शिर्षक नं.** | १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग) |

**नोट:**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

## उमेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ बमोजिम बढुवाको लागि उमेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५७(२) बमोजिम हुनेछ ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
४. दरखास्त दिने अन्तिम मिति (२०८३/०८/०३ गते) भित्र निर्धारित शैक्षिक योग्यता, अनुभव, काउन्सिल दर्ता र नवीकरणको प्रमाणपत्र र अन्य योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।
७. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४), दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
८. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१ र दफा ३८(२) बमोजिम हुनुपर्नेछ ।
९. बढुवा सम्बन्धि अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।